गौरीगंगा नगरपालिकाको आर्थिक वर्ष २०८३/८४ को राजस्व संकलन र बजेट तथा कार्यक्रम कार्यान्वयनको वित्तीय तथा भौतिक प्रगतिको पहिलो त्रैमासिक (श्रावण, भाद्र र असोज) समीक्षा प्रतिवेदन

गौरीगंगा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

चौमाला, कैलाली

सुदूरपश्चिम प्रदेश, नेपाल।

२०८३ मंसिर ०२ गते

वेवसाइटः https://gaurigangamun.gov.np

फेसबुकः https://www.facebook.com/GaurigangaMunicipal/

इमेलः info.gaurigangamun@gmail.com

१. पृष्ठभूमि तथा नीतिगत व्यवस्था

गौरीगंगा नगरपालिकाको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८० तथा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) को देहाय (झ) र (ठ) बमोजिम नगरपालिकाको चालु आर्थिक वर्ष २०८३/८४ को प्रथम त्रैमासिक अवधि (२०८३ श्रावण - असोज मसान्तसम्म) को भौतिक तथा वित्तीय प्रगति, खर्च र राजस्वको अवस्था तथा शाखागत कार्यसम्पादन तथा प्रगति अवस्थाको प्रतिवेदन तयार गरी कार्यपालिकामा समीक्षाका लागि पेस गरी सार्वजनिक गरिएको छ। यस त्रैमासिक अवधिमा नगरपालिकाको आय तथा व्ययको अवस्था, बजेट तथा कार्यक्रम कार्यान्वयन, अनुगमन तथा मूल्यांकनका सम्बन्धमा सम्पादित कार्य एवम् उपलब्धि विद्यमान समस्या तथा चुनौती र आगामी कदमहरूको विश्लेषण गरिएको छ।

२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

कुल बजेट (रु.)	खर्च (रु.)	खर्च प्रतिशत
१ अर्ब ९ करोड ७६ लाख २८ हजार	११,६८,१७,५१२.३३/-	१२.८६

राजश्व संकलनको अवस्थाः

वडा नं	संकलन भएको रकम रु.
१	६,४७,०४९.१५/-
२	५,८३,३२६.१४/-
३	८,७३,४२४.४०/-
४	७,८७,३००.४१/-
५	३,०३,९७०.७०/-
६	४,६७,९७८.९९/-
७	६,०८,००१.३३/-
८	४,१३,६४२.५५/-
९	३,५८,४६८.३५/-
१०	३,०९,७५९.६१/-
११	२,०५,९२६.०१/-
नगरपालिका कार्यालय (चौमाला): रु. ३२,६२,२५८.६२/-	

प्रमुख प्रशासकीय अधिकृत

बजेट प्रकृतिको आधारमा खर्च विवरणः

चालू खर्च(रु.)	चालु खर्च प्रतिशत	पुँजीगत खर्च(रु.)	पुँजीगत खर्च प्रतिशत
१०,८६,७१,२९८.३३/-	१९.८%	८१,४६,२१४/-	२.२७%

कैफियतः पुँजीगत खर्च कम देखिनुको मुख्य कारण भौतिक प्रगति भए तापनि अन्तिम बिल भुक्तानी प्रक्रिया सम्पन्न हुन बाँकी रहनु हो।

३. क्षेत्रगत बजेट तथा खर्चको अवस्था

क्र.सं.	क्षेत्र	जम्मा खर्च (रु.)	खर्च प्रतिशत
१	आर्थिक विकास	२३,७८,५५३/-	५.५३%
२	सामाजिक विकास	६,७६,४१,५३०/-	१८.२७%
३	पूर्वाधार विकास	८१,४६,२१४/-	३.०२%
४	सुशासन तथा अन्तरसम्बन्धित	५,३४,८१२/-	२.३४%
५	कार्यालय सञ्चालन तथा प्रशासनिक	३,८१,१६,४०३.३३/-	१६.८२%

४. शाखागत कार्यसम्पादन तथा प्रगति

क्र.सं.	शाखा	जम्मा खर्च	कैफियत
१	नगरपालिका प्रशासनिक खर्च	३,१८,६५,३५०.७८/-	
२	अधुरो योजना	७३,५५,४१३/-	
३	संघीय सशर्त	५८,९९,३२१.५५/-	
४	प्रदेश सशर्त	०/-	
५	शिक्षा युवा तथा खेलकुद	१,५४,४१,४४०/-	
६	स्वास्थ्य शाखा	४,९०,८००/-	
७	कृषि विकास शाखा	०/-	
८	पशुपन्छि विकास शाखा	२४,६८,३६९/-	
९	महिला तथा बालबालिका शाखा	२,००,०००/-	
१०	भूमि प्रशासन शाखा	०/-	
११	रोजगार तथा उद्यम विकास शाखा	०/-	

प्रमुख प्रशासकीय अधिकृत

१२	कानुन शाखा	०/-	
१३	वातावरण तथा विपद् व्यवस्थापन शाखा	०/-	

क) शिक्षा, युवा तथा खेलकुद शाखा

सार्वजनिक स्रोतको नतिजामूलक, पारदर्शी एवं उत्तरदायी ढंगले उपयोग गरी शैक्षिक विकास र युवा सशक्तीकरण गर्न यस त्रैमासिकमा मुख्यतया प्रशासनिक तयारी, अनुगमन र तथ्याङ्क व्यवस्थापनमा जोड दिइएको छ।

- सामुदायिक विद्यालयका शिक्षक/कर्मचारी तलब, भत्ता: संघीय सरकारको ससर्त अनुदान तर्फबाट नियमित भुक्तानी भइरहेको छ।
- प्रारम्भिक बालविकास (ECED) सहयोगी कार्यकर्ता तथा विद्यालय कर्मचारी पोशाक/तलब भत्ता: तोकिए अनुसार नियमित निकासा गरिएको छ।
- छात्रवृत्ति व्यवस्थापन (दलित, छात्रा, विपन्न): विद्यालयहरूबाट फारम सङ्कलन भई हाल निकासा प्रक्रियामा रहेको छ।

भौतिक प्रगति तथा मुख्य उपलब्धिहरू:

१. विद्यालय अनुगमन तथा सुपरिवेक्षण: नगरपालिका अन्तर्गतका विद्यालयहरूमा पठनपाठन, शिक्षक उपस्थिति र दिवाखाजा अनुगमन सम्पन्न गरिएको छ।

२. पाठ्यपुस्तक उपलब्धता: शैक्षिक सत्रको सुरुमै १००% विद्यालयहरूमा पाठ्यपुस्तक पुगेको सुनिश्चित गरिएको छ।

३. EMIS अद्यावधिक: ३९ वटा विद्यालयहरूको EMIS Data सम्बन्धी सहजीकरण तथा प्रविष्टि कार्य अगाडि बढाइएको छ।

४. शिक्षक दरबन्दी मिलान: दरबन्दी मिलान तथा विद्यालय समायोजन सम्बन्धी प्रारम्भिक बैठक र छलफल सम्पन्न भई ५०% प्रगति हासिल भएको छ।

५. खेलकुद तथा युवा कार्यक्रम: नगर स्तरीय खेलकुद प्रतियोगिताको वार्षिक कार्यतालिका स्वीकृत भई १००% तयारी पूरा भएको छ।

ख) पशु सेवा शाखा

पशु स्वास्थ्य, महामारी नियन्त्रण र पशुपालन व्यवसाय प्रवर्द्धनका लागि यस त्रैमासिकमा विभिन्न लक्षित कार्यक्रमहरू सञ्चालन गरिएका छन्।

प्रमुख प्रशासकीय अधिकृत

१. नियमित पशुपंक्षी उपचारका लागि औषधि खरिद: आवश्यक औषधि खरिद कार्य सम्पन्न भई उपचार सेवा प्रवाह सुचारु गरिएको छ (बजेटः रु. १०,००,०००/-)।

२. पशु स्वास्थ्य, महामारी नियन्त्रण तथा पूर्ण खोप अभियानः वडाहरूमा महामारी नियन्त्रणका लागि अभियान सञ्चालन गरिएको छ (बजेटः रु. ५,००,०००/-)।

३. कृत्रिम गर्भाधान तथा बांझोपन निवारण कार्यक्रमः पशु प्रजनन् सुधारका लागि माग अनुसार कृत्रिम गर्भाधान सेवा प्रवाह भइरहेको छ (बजेटः रु. ६,००,०००/-)।

४. पशु स्वास्थ्य शिविर/बांझोपन निवारणः दुर्गम तथा विपन्न क्षेत्रलाई लक्षित गरी पशु स्वास्थ्य शिविर सञ्चालनको तयारी पूरा गरिएको छ (बजेटः रु. ६,००,०००/-)।

५. पशुपालन समूहको क्षमता विकास र गोठ सुधार कार्यक्रमः व्यवसायिक पशुपालनलाई प्रवर्द्धन गर्न गोठ सुधार तथा मिनी डेरी मेसिनरी अनुदानका कार्यक्रमहरू अगाडि बढाइएको छ।

ग.) पूर्वाधार शाखा

- सडक, खानेपानी, सिँचाइ, भवन लगायतका पूर्वाधार आयोजनाहरूको आवश्यकता अनुसार लागत अनुमान तथा डिजाइन तयार गरिसकिएको।
- स्वीकृत योजनाहरू कार्यान्वयन गर्न आवश्यक प्राविधिक कागजात तथा स्पेसिफिकेसन तयार गरिएको।
- वार्षिक स्वीकृत योजनाहरूको कार्यान्वयनका लागि खरिद योजना तयार गरिएको।
- गत आर्थिक वर्षमा सम्झौता भई कार्यान्वयनमा रहेका योजनाहरूको अनुगमन गरिएको।
- आ.व. २०८२/०८३ का ६ (छ) वटा योजनाहरू सिलबन्दी दरभाउपत्र खरिद प्रक्रिया मार्फत कार्यान्वयन चरणमा रहेका छन्।

घ.) योजना शाखा

वडा नं	योजना संख्या (वटा)	कैफियत
२	२	उपभोक्ता समिति मार्फत योजना कार्यान्वयन गर्ने गरि यस कार्यालय र समिति बिच सम्झौता भएका जम्मा योजनाहरू १९ वटा छन्।
३	६	
५	३	
६	५	
९	३	

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र (वैकल्पिक ऊर्जा प्रवर्द्धन तथा "स्वच्छ चुलो कार्यक्रम") र गौरीगंगा नगरपालिकाको लागत साझेदारीमा सञ्चालित "स्वच्छ चुलो कार्यक्रम" अन्तर्गतः

प्रमुख प्रशासकीय अधिकृत

क.सं.	कियाकलाप	परिमाण
१	बडास्तरमा सुधारिएको चुलो वितरण	४५०
२	बडाबाट आएका माग संकलन गरि फारम चेकजाचँ गरि कम्प्युटरमा इन्ट्रि भएका (विधुतिय चुलो ११३०, सुधारिएको चुलो १०००, घरायसी बायोग्यास २५)	२१५५
३	बडाबाट आएका मागहरूको विवरण वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रमा पेश गरी प्रविधी माग	१

<u>ङ.) राजश्व शाखा</u>

आर्थिक वर्ष २०८२/८३ को तुलनामा चालु आर्थिक वर्ष २०८३/८४ मा राजस्व संकलनमा तुलनात्मक रूपमा सुधार देखिएको छ। वडागत रूपमा असोज महिनासम्मको राजस्व संकलन सन्तोषजनक रहेको छ।
कुल राजस्व संकलन (जम्मा): रु. ८८,२१,१०५.२५/-

<u>च.) कानुन शाखा</u>

यस आर्थिक वर्षको प्रथम त्रैमासिक चौमासिकमा तपशिल बमोजिमका ऐन, मापदण्ड तथा कार्यविधिहरू स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छः

१. बाल संरक्षण मापदण्ड, २०८३
२. गौरीगंगा नगरपालिकाको कार्यक्रम तथा बैठक सञ्चालन खर्च मापदण्ड, २०८३
३. भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी आधार र मापदण्ड, २०८३
४. गौरीगंगा नगरपालिकाको आर्थिक ऐन, २०८३
५. करार कर्मचारी छनौट सम्बन्धी कार्यविधि, २०८३
६. गौरीगंगा नगरपालिकाको चिकित्सक तथा विशेषज्ञ चिकित्सक प्रोत्साहन सुविधा सम्बन्धी कार्यविधि, २०८३

<u>छ.) स्वास्थ्य शाखा</u>

- आर्थिक वर्ष २०८२८३ को शाखाको वार्षिक समीक्षा कार्यक्रम सम्पन्न भएको।

शाखाबाट प्रदान गरिएको सेवाः

उमेर समुह	नयाँ सेवाग्राहीको संख्या		जम्मा सेवाग्राही संख्या		प्रेषण भई आएका जम्मा सेवाग्राही	
	महिला	पुरूष	महिला	पुरूष	महिला	पुरूष
०-९	१५९१	१६२९	१८२६	१९११		

प्रमुख प्रशासकीय अधिकृत

१०-१४	६९४	६६७	१०६७	११०६		
१५-१९	६९४	६११	१२९४	७४४		
२०-५९	६६६४	२७७५	१३०३६	३६११	४	
६०-६९	१३४६	६९६	२१०१	१४४९		
७०	१२१९	९६४	२०४५	१६७२		

कार्यक्षेत्र भित्र पर्ने विषय	सेवा पाएका जम्मा सेवाग्राहीको संख्या
माउथ क्लिनिक	४२६९
खोप क्लिनिक	१४७१
खोप सेशन	
सरसफाई सेसन	२५४४
म. स्वा. स्व. से.	३०३०९

ङ.) सामाजिक सुरक्षा शाखा

श्रावण देखि कार्तिक मसान्तसम्मको व्यक्तिगत घटना दर्ताको (वडागत) विवरण

वडा नं	जन्म (जम्मा संख्या)	मृत्यु (जम्मा संख्या)	सम्बन्ध विच्छेद (जम्मा संख्या)	विवाह (जम्मा संख्या)	बसाई सरी आएको दर्ता संख्या	बसाई सरी जाने दर्ता संख्या	बेचारिसे	जम्मा
१	५०	१६	०	२७	२९	८	०	१३०
२	४१	१५	०	२४	१९	१०	०	१०९
३	२९	११	१	१८	१४	४	०	७७
४	५६	१६	१	२२	२०	३	०	११८
५	६९	१५	१	२९	२३	३	०	१४०
६	६३	१५	१	१८	२१	८	०	१२६
७	७२	१३	३	२७	११	११	०	१३७
८	५५	२१	२	२३	२२	१४	०	१३७
९	४१	६	०	११	१७	१७	०	९२
१०	२२	१०	१	४	७	२	०	४६
११	२१	८	०	११	३	४	०	४७
जम्मा	५१९	१४६	१०	२१४	१८६	४९२	०	११५९

प्रमुख प्रशासकीय अधिकृत

७. निष्कर्ष तथा आगामी कार्यदिशा

(क) सम्पादित कार्यहरू तथा उपलब्धि

- नीतिगत सबलीकरणः नयाँ स्वीकृत ऐन र कार्यविधिहरूले स्वास्थ्य, बाल अधिकार, र भू-वर्गीकरणमा कानुनी स्पष्टता ल्याएका छन्।
- पुँजीगत खर्चमा तीव्रताः असोज मसान्तसम्म न्यून देखिएको पुँजीगत खर्चलाई गति दिन आगामी त्रैमासिकमा योजनाहरूको फरफारक र बिल भुक्तानी प्रक्रियालाई अझ छिटो छरितो बनाउनुपर्ने देखिन्छ।
- राजस्व वृद्धिः राजस्व संकलनमा सुधारको प्रवृत्ति देखिएकाले यसलाई अझ बढाउन करको दायरा विस्तार र बडास्तरीय संकलनलाई थप चुस्त बनाउन आवश्यक छ।

(ख) विद्यमान समस्या तथा चुनौतिहरू

- प्रथम त्रैमासिक अवधिमा नगरपालिकाको समग्र बजेट खर्चको अवस्था सन्तोषजनक देखिए तापनि पुँजीगत खर्चको हिस्सा चालू खर्चको तुलनामा न्यून रहेको छ।
- चाडपर्वका कारण विद्यालयहरूको पठनपाठन दिवस कम हुनु र कार्यक्रम सञ्चालनमा समयको चाप हुनु।
- विद्यालय तहबाट माग गरिएका कतिपय विवरण र तथ्याङ्क समयमै प्राप्त नहुनु।
- खेलकुद तथा पूर्वाधार तर्फका कार्यक्रमहरूको प्राविधिक लागत अनुमान तयार हुन ढिलाइ हुनु।

(ग) आगामी कदम

- प्रथम त्रैमासिकमा चाडपर्व परेकाले मुख्यतया प्रशासनिक तयारी, अनुगमन, विवरण सङ्कलन र योजना तर्जुमा (लागत अनुमान स्वीकृत) मा जोड दिइएको ।
- चालू आ.व.का बाँकी रहेका भौतिक पूर्वाधार, खेलकुद प्रतियोगिता, क्षमता विकास र शिक्षक तालिमका कार्यक्रमहरू समयमै सम्पन्न गर्ने।
- सूचनाको हक सम्बन्धी ऐन, २०६४ अनुसार यो त्रैमासिक समीक्षा प्रतिवेदन तथा महत्वपूर्ण निर्णयहरू सर्वसाधारणको जानकारीका लागि नगरपालिकाको आधिकारिक वेबसाइट मार्फत सार्वजनिक गर्ने।

प्रमुख प्रशासकीय अधिकृत